# ५ सुरुको चर्चमा भएका एकताको अनुभव

***यस अध्यायका मूल पदहरू:*** प्रेरित १:१२-१४, प्रेरित २:५-१३, प्रकाश १४:१२, प्रेरित २:४२-४७, प्रेरित ४:३२-३७, प्रेरित ५:१-११ र २ कोरन्थी ९:८-१५।

***यस अध्यायको मूल सार पद:*** **"तिनीहरू प्रेरितहरूका शिक्षा, सङ्गति र रोटी भाँच्न र प्रार्थनामा निरन्तररूपमा भक्तिसाथ लागिरहन्थे" (प्रेरित २:४२ रूपान्तरित)।**

हामीहरूको सत्य येशूमा भएका आत्मिक अनुभवहरू एक आपसमा बाँडियो भने चर्चमा एकता हुन्छ। येशूले भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही मानिस पनि पिताकहाँ आउन सक्दैन" (यूहन्ना १४:६)। जब हामी आत्मिक यात्रामा संगसंगै हिंड्छौं र एक आपसमा आत्मज्ञानले गर्दा पाएका अनुवभहरूले सुसज्जित भएर चल्दछौं तब विश्वासीहरूको बीचमा अत्यन्त मजबुत सतसङ्ग वा सङ्गतिमा टाँसिएर बस्दछौं। अठाह्रौं शताब्दीमा अमेरिकाको विलियम मिलर भन्नेले येशूको दोस्रो आगमनको तिथि तोकेका थिए। जब त्यस तिथिमा येशूको आगमन भएन तब कतिपय इसाईहरू निराश भएका थिए। तिनीहरूमध्ये एउटा झुण्ड बाइबल अध्ययन गरेर यस संसारमा येशू तत्कालै नआउनुभएको कारण पत्ता लगाइरहेको थियो। विलियम मिलरको आह्वानमा लागेका मानिसहरूलाई एडभेन्टिस्ट भनेर सम्बोधन गरिएको थियो। सुरु सुरुका एडभेन्टिस्टहरूको एक आपसमा गहिरो मेलमिलाप थियो र आत्मिक रूपमा एक आपसमा जोडिएका थिए। सन् १८४४मा येशूको दोस्रो आगमन नहुँदा निराश भएका केही एडभेन्टिस्टहरूको एक साझा लक्ष्य थियो येशूको आगमन नहुँदा त्यसको कारण पत्ता लगाउने। त्यही अनुभवले एडभेन्टिस्ट चर्चको जन्म भयो। त्यसबाट नै येशू आउनुभन्दा स्वर्गमा भइरहने न्याय र येशूको आगमन भन्दा पहिले हुने वा भइरहने विभिन्न सत्य ज्ञानहरूको खोल उघार्न थालिएको थियो।

येशू स्वर्गमा जानुभएपछि चेलाहरू हताश निराश वा बिचलित भएनन् तर तिनीहरू मिलेर परमेश्वरको वचन अध्ययन गर्न थाले, प्रार्थना र सङ्गतिमा एक हुन थाले। विभिन्न पृष्ठभूमिबाट आएपनि येशूमा एक हुने र एक आपसमा तालमेल गरेर चल्ने चेलाहरूको प्रतिवद्धता हामी सबैको निम्ति अनुकरणीय

उदाहरण बन्न पुगेको छ। आत्मिक यात्रामा एक भएर हातेमालो गरेर चलेको येशूका चेलाहरूको अनुभव केवल इतिहासको पानामा मात्र नथन्क्याएर अहिले हामीमा पनि हुन सम्भव छ।

"यदि सामुहिक रूपमा परमेश्वरको आराधना गरिन्छ भने घरेलु सङ्गतिको पनि अत्यन्त महत्त्व छ भनेर म अझै जोड दिन चाहन्छु।...येशू ख्रीष्ट र एक आपसमा टाँसिने आत्मिक अनुभवको बिकल्प अरू छैन। येशूलाई विश्वास गर्छु भन्ने प्रत्येक व्यक्तिमा यो आत्मिक बौद्धिक ज्ञान हुनैपर्छ।...मानिसहरूलाई येशूकहाँ ल्याउने पहिलो काम त येशू प्रभुकै हो। अनि येशूलाई विश्वास गर्ने ती मानिसहरूलाई आफ्नो शरीररूपि थलोमा सधैं एक पारेर राख्नुहुन्छ। त्यो थलो हो, चर्च।"-रोबर्ट जी. रेबर्न, *ओ कम, लेटअस वर्शिप,* (ग्राण्ड रापिडस्ः बेकर बुक हाउस, १९८०), पृ. ९१बाट रुपान्तरित।

## १. तयारीका दिनहरू

आफ्नो मर्ने समयको अन्तसम्म येशू चेलाहरूको साथमा हुनुहुन्थ्यो र आफू स्वर्गमा गएतापनि तिनीहरूलाई एक्लै वा टुहुरो छोड्ने छैन् भनेर तिनीहरूलाई बचन दिनुभएको थियो। येशू स्वर्गमा जानुभएपछि उहाँको बदलिमा त्रीएक परमेश्वरको अर्को व्यक्तित्व पवित्र आत्मा तिनीहरूसँग रहन र तिनीहरूको सेवाकार्यमा साथ दिन उहाँले पठाउँछु भनेर प्रतिज्ञा गर्नुभएको थियो। जसरी येशू तिनीहरूसँग हुँदा तिनीहरूले सान्त्वना र हसौला पाएका थिए त्यसरी नै पवित्र आत्माले तिनीहरूलाई सरसल्लाह, सान्त्वना र हौसला दिनु हुनेछ भनेर येशूले तिनीहरूलाई वचन दिनुभएको थियो। येशूले सिकाउनुभएको धेरै शिक्षादीक्षाहरू र उहाँले के गर्नुभएको थियो सो पवित्र आत्माले सम्झाउनु हुनेछ (यूहन्ना १४:२६)। अझ धेरै सत्य आत्मज्ञानहरू पत्ता लगाउन पनि पवित्र आत्माले अगुवाइ गर्नुहुनेछ भनेर येशूले भन्नुभएको थियो (यूहन्ना १६:१३)। येशूले चेलाहरूलाई पवित्र आत्मा पठाउनुहुने प्रतिज्ञा उहाँ स्वर्गमा जानुभन्दा अघि फेरि दोहोऱ्याउनुभएको थियो। उहाँले भन्नुभयो, "केही दिनमा नै तिमीहरूलाई पवित्र आत्माले बप्तिस्मा दिनुहुनेछ...जब पवित्र आत्मा तिमीहरूमा आउनुहुन्छ तब तिमीहरूले शक्ति पाउनेछौ" (प्रेरित १:५,८ रूपान्तरित)। यरुशलेममा, यहूदियामा, सामरियामा र पृथ्वीका अन्तसम्म येशूको गवाही हुन पवित्र आत्माले शक्ति सम्पन्न गराउनुहुनेछ भन्ने येशूको प्रतिज्ञा थियो (प्रेरित १:८)।

**चेलाहरू पवित्र आत्माको निम्ति दश दिनसम्म पर्खेर बसेका थिए। ती दश दिनमा तिनीहरूले के गरे? हेर्नुहोस् "१२ तब तिनीहरू जैतून भनिने पहाड़बाट यरूशलेम फर्के। यरूशलेमदेखि यो पहाड प्रायः एक किलोमिटर जति टाढ़ा पर्छ। १३ सहर भित्र पसेपछि तिनीहरू माथिल्लो तलाको आफू बस्ने कोठामा उक्ले। तिनीहरूचाहिँ पत्रुस, यूहन्ना, याकूब, अन्द्रियास, फिलिप र थोमा, बारथोलोमाइ र मत्ती, अल्फयसको छोरो याकूब र उग्रपन्थी दलको सिमोन र याकूबको छोरो यहूदा थिए। १४ कति जना स्त्रीहरू र येशूकी आमा मरियम अनि उहाँका भाइहरूका साथ यिनीहरू सबै एक मनका भएर निरन्तर प्रार्थना गरिरहन्थे।" (प्रेरित १:१२-१४)।**

दश दिनसम्म चेलाहरू तिब्ररूपमा आत्मिक तयारीमा लागेका थिए भनेर हामीले कल्पना गर्नसक्छौं। येशूसँग रहेका दिनहरूको सम्झना गर्दै, उहाँका काम, शिक्षा र अनेकौं अचम्मका कामहरूको बारेमा याद गर्दै चेलाहरू एकजुट भएर बसेका थिए। मानौं ती दिनहरू तिनीहरूको आत्मिक विश्रामका दिनहरू थिए। तिनीहरू सबै जना एक भएर प्रार्थना र बिन्तीहरू परमेश्वरमा टक्राइरहेका थिए (प्रेरित १:१४)।

"येशूले गर्नुभएको प्रतिज्ञालाई पर्खिरहेको बेलामा चेलाहरू एक आपसमा कोमल भएर सच्चा पश्चाताप गरिरहेका थिए र येशूप्रति तिनीहरूले देखाएका अबिश्वासलाई तिनीहरूले स्वीकार गरिरहेका थिए। येशूको मृत्युअघि उहाँले बोल्नुभएका वचनहरूलाई याद गर्दै ती वचनहरूको पूरा अर्थ तिनीहरूले बुझ्दै थिए। तिनीहरूको दिमागमा राखिएका सत्यहरूलाई सम्झना गर्दै एक आपसमा दोह्रोयाइ तेह्रयाइ छलफल गरिरहेका थिए। येशूलाई कतिपय समयमा गलत सम्झेकोमा तिनीहरू एक आपसमा धिक्कार्दै थिए। नाटकीय शैलीमा येशूका अचम्मका दिनहरू एक पछि अर्को दृश्य तिनीहरूको मगजमा खेलिरहेका थिए। जब तिनीहरूले येशूको शुद्ध र निष्खोट जीवन, पवित्र जीवनको बारेमा चिन्तनमनन गरिरहेका थिए त्यसबेला यदि तिनीहरूले येशूको प्रेमिलो स्वभाव तिनीहरूको जीवनबाट देखाउन सकेको भए तिनीहरूको कठिन परिश्रम, त्याग आदि कुनै ठूलो कुरो हुने थिएन भनेर तिनीहरूले सोचिरहेका थिए। यदि विगतका तिन वर्षहरू फेरि दोहोरिएको भए तिनीहरूले कस्तो फरक ढङ्गले चल्ने थिए भनेर छातीमा हात राखेर एक आपसमा गनगन गरिरहेका थिए। यदि तिनीहरूले प्रभुलाई एक पटक फेरि देख्न पाएको भए तिनीहरूले उहाँलाई गहिरो रूपमा प्रेम गरे र देखाउने प्रयास गर्ने थिए। येशूलाई बारम्बार आफूहरूको वचन र अविश्वासद्वारा चित्त दुखाएकोमा

हृदयदेखि दुःख व्यक्त गरिरहेका थिए। तर तिनीहरूलाई क्षमा दिइएको कुरा सम्झेर तिनीहरूले सान्त्वना पाइरहेका थिए। सारा संसारको अगाडि येशूको नाउँ निडर भएर घोषणा गरेर येशूलाई तिनीहरूले दुखाएको चित्त प्रायश्चित गरेर देखाउने तिनीहरूले निर्णय गरेका थिए।...आफू आफूमा भएका भिन्नताहरूलाई पन्छ्याएर, आफूहरूको भाऊ खोज्ने चाहनालाई थन्क्याएर तिनीहरू इसाई सङ्गतिमा नजिक भएका थिए।"-एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टल्स,* पृ. ३६,३७बाट रूपान्तरित।

यदि **तपाईँको आत्मिक यात्राको जीवन फेरि दोहोरियो भने तपाईँलाई के गर्ने इच्छा छ? विगत जीवनमा गरेका कुराहरूको बारेमा पछुतो गर्दै नयाँ दिनहरूमा के असल गर्ने प्रतिबद्धता देखाउन चाहनुहुन्छ?**

## २. बाबेलको धरहरादेखि पेन्टिकोस्टसम्म

येशू स्वर्गमा उक्लनुभएपछि दश दिनसम्म चेलाहरूको आत्मिक तयारी पछि पेन्टिकोस्टमा भएको घट्नाले त्यो तयारीको अन्त भएको थियो। चेलाहरूको बीचमा पवित्र आत्मा खनिनुभन्दा अघि तिनीहरू एकै मनका भएर एक ठाउँमा बसिरहेका थिए भनेर प्रेरित २:१ले बताउँछ।

पुरानो करार वा पौराणिक इस्राएलमा तीन मुख्य चाडहरू थिए जसमा प्रत्येक यहूदी पुरुष भाग लिन वाध्य हुन्थे। पेन्टिकोस्टको चाड पनि त्यसमध्ये एक मुख्य चाड थियो। निस्तार चाडको पचास दिन पछि पेन्टिकोस्टको चाड मनाइन्थ्यो (यो शब्द ग्रीक भाषाको पेन्टिकोस्ट- *pentekoste* बाट आएको हो, जसको अर्थ पचासौं दिन हो)। यो चाडमा ग्रीष्म ऋतुमा काटेको बालिबाट अगौटे फल अर्थात् सुरुको काटेको बालीको प्रथम भाग इस्राएलीहरूले परमेश्वरलाई धन्यवादको भेटी स्वरुप चढाउँथे ।

येशूको समयमा पेन्टिकोस्टको चाड केवल धन्यवादको भेटी चढाउनेमात्र नभएर सिनै पहाडमा परमेश्वरले मोशालाई दिनुभएको व्यवस्थाको (प्रकाश १९:१) सम्झनामा पनि उत्सब मनाइएको हुनसक्थ्यो। यसरी येशूसँग सम्बधित इसाई सन्देशमा परमेश्वरको व्यवस्थाको महत्त्वको पोकोले पनि निरन्तरता पाएको देख्दछौं। जसजसले परमेश्वरको व्यवस्थाको उलङ्घन गर्छन् र उहाँको मृत्युले गर्दा उपलब्ध गराइएको र पश्चाताप गर्नेले पाउने पापको क्षमाको त्यही पोकोमा समावेश भएको हुन्छ। त्यसकारण, युगको अन्तमा परमेश्वरमाथिको विश्वास तथा आस्थामा अडान राख्नेहरूको चरित्रमा व्यवस्था र सुसमाचारको मर्म हुने निर्णायक तत्वहरू समाबेश भएकोमा अचम्म

मान्नुपर्दैनः "सन्तहरूको धैर्यता यसैमा छः जसले परमेश्वरका आज्ञाहरू पालन गर्छन् र जसमा येशूको विश्वास छ" (प्रकाश १४:१२ रूपान्तरित। कुनै नेपाली बाइबल अनुवादमा येशूमा विश्वास भनिएको छ। तर यो अनुवाद केही हदमा फरक छ किनभने येशूमा विश्वास राख्नु र येशूमा भएको जस्तो विश्वास हुनु भन्ने भाषाको अर्थ भिन्नै हुन्छ-अनुवादकको टिप्पणी)। जब परमेश्वरले सिनैको पहाडमा दश आज्ञाहरू दिनुभएको थियो त्यसबेला विभिन्न असाधारण घट्ना घटेका थिए (प्रस्थान १९:१६-२५, हिब्रू १२:१८)। त्यसरी नै जब पेन्टिकोस्टको समयमा पवित्र आत्मा खनिए तब त्यसबेला पनि असाधारण घट्ना घटेको थियो। "अचानक स्वर्गबाट आवाज आयो। त्यो आवाज अत्यन्त शक्तिशाली हावाको वेग जस्तो थियो। चेलाहरू एक भएर बसिरहेको कोठामा त्यो आवाज भरिएको थियो। अनि त्यहाँ आगोका जिब्राहरू जस्ता देखा परे। त्यहाँ बसिरहेका प्रत्येकको शिरमा त्यो आगोको जिब्रो पऱ्यो। अनि तिनीहरू पवित्र आत्माले भरिए र तिनीहरूले विभिन्न भाषाहरू बोल्न थाले किनभने पवित्र आत्माले ती भाषाहरू बोल्ने शक्ति दिनुभएको थियो "(प्रेरित २:२-४ रूपान्तरित)।

त्यस अचम्मको घट्नाको अर्थ के हो? हेर्नुहोस्ः "**५ स्वर्गमुनि भएको हरेक देशबाट ईश्वरभक्त यहूदीहरू त्यस बेला यरूशलेममा बसेका थिए। ६ तब यो आवाज सुनेर भीड जम्मा भयो। तिनीहरू आश्चर्यचकित भए, किनकि हरेकले आफ्नो-आफ्नो भाषामा तिनीहरू बोलिरहेका सुन्यो। ७ तिनीहरू सबै आश्चर्यचकित भए, र अचम्म मानेर भन्न लागे, "के यी बोल्नेहरू सबै गालीलीहरू होइनन् र? ८ त कसरी तिनीहरू हरेकले हाम्रा आफ्ना मातृभाषामा बोलेको हामी सुन्छौं? ९ हामीहरू यहाँ पार्थीहरू, मादीहरू र एलामीहरू, र मेसोपोटामियाका, यहूदियाका, कापाडोकियाका, पोन्टस र एशियाका बासिन्दाहरू छौं। १० अनि फ्रिगिया, पामफिलिया, मिश्र र कुरेनीमा पर्ने लिबियाका कतिपय क्षेत्रहरू र रोमबाट आएका यहूदी र यहूदी मत मान्नेहरू दुवै छौं, ११ क्रेटका बासिन्दाहरू र अरबीहरू पनि छौं, अनि हामी आ-आफ्ना भाषामा परमेश्वरका महान् कार्यहरूको चर्चा तिनीहरूले गरिरहेका सुन्दैछौं।" १२ तिनीहरू सबै आश्चर्यचकित भए र अन्योलमा परेर एउटाले अर्कालाई यसो भन्न लागे, "यसको अर्थ के हो?" १३ तर अरूहरूले हाँसो गरेर भने, "तिनीहरू नयाँ रक्सी खाएर मातेका छन्।" प्रेरित २:५-१३।**

पेन्टिकोस्ट खुशियालीको चाड थियो। परमेश्वरले प्रसस्त आशिष दिनुभएकोले उहाँप्रति आभारी भएर धन्यवाद दिँदै त्यो पर्व मनाइन्थ्यो।

रमाइलो गरेर चाड मनाउने भएकोले यहूदीहरूले चेलाहरूको बोलीलाई गलत सम्झेका थिए। तिनीहरूले भने "ए, यिनीहरू त रक्सीले पो मात्तिरहेका छन्!" (प्रेरित २:१३-१५)। त्यसबेला परमेश्वरको आश्चर्य काम चेलाहरूको बीचमा भएको थियो। तिनीहरूले अन्य भाषाहरू बोल्ने बरदान र तिनीहरूले बोलेका वचनहरूलाई विभिन्न भाषाका मानिसहरूले आआफ्नै भाषामा सुन्न सफल भएका थिए (अर्थात् अन्य भाषा बोल्ने बरदान त कसैमा होला तर यदि अरूले त्यो बुझ्न सकेन भने त्यसको अर्थ केही हुँदैन। यस बारे पावलले स्पष्ट व्याख्या १ कोरन्थी १४मा गर्दछन्)। रोम्री साम्राज्यमा रहेका संसारका विभिन्न भाषा बोल्ने यहूदीहरू यरुशलेममा पेन्टिकोस्टको चाड मनाउन आएका थिए। तिनीहरूले येशू ख्रीष्ट मसीह हुनुहुन्छ भन्ने सन्देश आआफ्नै भाषामा सुन्ने अवसर पाएका थिए।

(पत्रुसले यहूदीहरूको प्रतिक्रियालाई कसरी जवाफ दिए सो पढ्नु पनि उपयुक्त देखिन्छः "१३ तर अरूहरूले हाँसो गरेर भने, "तिनीहरू नयाँ मद्यले मातेका छन्।" १४ तर पत्रुसले एघार जनासँग खड़ा भएर उच्च स्वरमा तिनीहरूलाई भने, "यहूदियाका मानिस हो, र यरूशलेमका जम्मै बासिन्दाहरू, तपाईंहरूलाई यो कुरा थाहा होस्, र मेरा कुरा सुन्नुहोस्। १५ किनभने तपाईंहरूले ठान्नुभएझैं यिनीहरू मातेका छैनन्, किनकि अहिले बिहानको नौ मात्र बजेको छ। १६ तर योएल अगमवक्ताद्वारा भनिएको कुरा यही हो, १७ 'आखिरी दिनहरूमा यस्तो हुनेछ भनी परमेश्वर भन्नुहुन्छ, म सबै मानिसहरूमाथि मेरा आत्मा खन्याइदिनेछु, र तिमीहरूका छोराहरू, र तिमीहरूका छोरीहरूले अगमवाणी बोल्नेछन्, र तिमीहरूका युवकहरूले दर्शन देख्नेछन्, र तिमीहरूका बूढ़ापाकाहरू स्वप्नदर्शी हुनेछन्। १८ हो, म आफ्ना दास-दासीहरूमाथि ती दिनमा मेरा आत्मा खन्याइदिनेछु, र तिनीहरूले अगमवाणी बोल्नेछन्। १९ माथि आकाशमा म अचम्मका काम र तल पृथ्वीमा चिन्हहरू देखाउनेछु, अर्थात् रगत, आगो, र धूवाँको मुस्लो। २० परमप्रभुको महान् र गौरवमय दिन आउन अगाडि सूर्य अन्धकारमा र चन्द्र रक्तमा परिवर्तन हुनेछन्। २१ अनि जसले परमप्रभुको नाउँ लिनेछ, त्यसले उद्धार पाउनेछ।' २२ "इस्राएलका मानिस हो, यी कुरा सुन्नुहोस्, नासरतका येशू यस्ता व्यक्ति हुनुहुन्थ्यो, जसलाई परमेश्वरले शक्तिशाली कामहरू, अचम्मका कामहरू र चिन्हहरूद्वारा तपाईंहरूका सामुन्ने प्रमाणित गर्नुभयो। तपाईंहरूलाई थाहै छ कि परमेश्वरले तपाईंहरूका बीचमा यी कामहरू उहाँद्वारा गर्नुभएको हो। २३ परमेश्वरले ठहराउनुभएको निश्चित योजना र

पूर्वज्ञानअनुसार पक्राउ पर्नुभएको यिनै येशूलाई अधर्मी मानिसहरूका हातद्वारा
तपाईंहरूले क्रूसमा टाँगेर मार्नुभयो। २४ उहाँलाई परमेश्वरले मृत्युको
पीडाबाट छुटकारा दिएर जीवित पार्नुभयो। किनकि मृत्युको अधीनमा उहाँ
भइरहनु असम्भव थियो, २५ किनकि दाऊदले उहाँको विषयमा भन्दछन्, 'मैले
प्रभुलाई सधैं मेरो सामने देखें, किनभने म नडगमगाऊँ भनेर उहाँ मेरो
दाहिनेतर्फ हुनुहुन्छ। २६ यसकारण मेरो हृदय आनन्दित र मेरो जिब्रो हर्षित
भयो। यसबाहेक मेरो शरीरले पनि आशामा जिउनेछ। २७ किनकि तपाईंले
मेरो प्राणलाई पातालमा छोड्नुहुनेछैन, न त तपाईंले आफ्ना पवित्र जनको शरीर
कुहुन दिनुहुनेछ। २८ तपाईंले मलाई जीवनको मार्गहरू बताउनुभयो, तपाईंले
मलाई आफ्नो उपस्थितिद्वारा आनन्दले गद्‌गद् पार्नुहुनेछ।' २९ "भाइ हो, हाम्रा
पुर्खा दाऊदको विषयमा म तपाईंहरूलाई निश्चयतासाथ भन्न सक्छु, कि उनी
मरे र गाडिए, अनि आजको दिनसम्म उनको चिहान छँदैछ। ३० यसकारण
एक अगमवक्ता भएका हुनाले, उनले जान्दथिए कि परमेश्वरले शपथ
खानुभएको थियो कि उनकै सन्तानबाट उनको सिंहासनमा एक जनालाई
परमेश्वरले बसाल्नुहुनेछ। ३१ अघिबाटै यो देखेर उनले ख्रीष्टको
पुनरुत्थानको विषयमा भने कि उहाँ न पातालमा छोडिनुभयो, न त उहाँको
शरीर नै कुह्यो। ३२ यिनै येशूलाई परमेश्वरले जीवित पार्नुभयो। यस कुराका
हामी सबै साक्षी छौं। ३३ यसैकारण परमेश्वरको दाहिने बाहुलीपट्टि उहाँ
उच्च पारिनुभयो, र पिताबाट पवित्र आत्माको प्रतिज्ञा पाउनुभयो, र उहाँले यो
खन्याइदिनुभएको हो, जे तपाईंहरू देख्नु र सुन्नुहुन्छ। ३४ किनकि दाऊद त
स्वर्गमा चढ़ेनन्, तर उनी आफैले भन्दछन्, 'परमप्रभुले मेरा प्रभुलाई भन्नुभयो,
तिमी मेरो दाहिने हातपट्टि बस ३५ जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा
खुट्टाको पाउदान तुल्याउँदिनँ।' ३६ "त्यसैकारण इस्राएलको सारा परिवारले यो
पक्का गरी जानोस्, कि येशू, जसलाई तपाईंहरूले क्रूसमा टाँग्नुभयो, परमेश्वरले
उहाँलाई प्रभु र ख्रीष्ट बनाउनुभयो।" ३७ यो कुरा सुनेर तिनीहरूको हृदय
छियाछिया भयो, अनि पत्रुस र अरू प्रेरितहरूलाई तिनीहरूले भने, "ए भाइ हो,
हामीले के गर्ने?" ३८ पत्रुसले तिनीहरूलाई भने, "पश्चात्ताप गर, र तिमीहरूका
पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र
तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ। ३९ किनकि प्रतिज्ञा तिमीहरूका
निम्ति, तिमीहरूका सन्तानको निम्ति र टाढ़ा-टाढ़ामा रहेका सबैका निम्ति हो,
प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ।" ४० अरू धेरै
कुराहरूद्वारा उनले तिनीहरूलाई गवाही दिए, र यसो भनेर अर्ती दिए, "यस दुष्ट

पुस्ताबाट तिमीहरूले आफैलाई बचाओ।" ४१ तब जस-जसले उनको कुरा ग्रहण गरे तिनीहरूले बप्तिस्मा लिए, र त्यसै दिन प्रायः तीन हजार मानिसहरू तिनीहरूको संख्यामा थपिए।" प्रेरित २:१३-४१।)

विभिन्न देशबाट आएका विभिन्न मातृ भाषाहरू बोल्ने यहूदीहरूको प्रतिक्रियालाई पनि विशेष अर्थमा लिनुपर्दछ। बाबेलको धरहराको कारण एकै जात भएका मानव जगत संसारमा फैलिएर जातजाति बनेको त्यस तथ्यले बुझाउँछ। चेलाहरूको माझमा परमेश्वरले गर्नुभएको काम अनुग्रहको थिए। सारा जातजाति र विभिन्न भाषाहरू बोल्ने मानिसहरूलाई एउटै मानव जातको मानव प्राणीमा बाँध्ने परमेश्वरको योजना त्यस घट्नाले देखाउँदछ। सारा संसारमा परमेश्वरको चर्चले खेल्ने भूमिकाले पनि त्यही मर्मलाई बुझाउँछ। बाबेलको धरहराले गर्दा तितरबितर भएका मानिसहरूलाई चर्चको माध्यमद्वारा विश्वव्यापीरूपमा एक बनाउने परमेश्वरको योजनालाई हामीले साकार पार्नु जरुरी छ।

## ३. सङ्गतिमा एक भएर भेला हुने

पत्रुसले यहूदीहरूलाई येशूको बारेमा प्रवचन दिएपछि मुक्ति पाउन पश्चाताप गर्नुहोस् भनेर आह्वान गरेका थिए। त्यसको प्रतिउत्तरमा तीन हजार यहूदीहरूले पुरानो करारको भविष्यवाणी पूरा गर्न येशू आउनुभएको थियो भनेर स्वीकार गर्दै बप्तिस्मा लिने निर्णय गरेका थिए। ती सबै मानिसहरूका हृदयमा परमेश्वरले काम गरिरहनुभएको थियो। धेरै यहूदीहरू टाढा टाढा देशहरूबाट यरुशलेम आएका थिए। तिनीहरूमा कतिपयले येशूलाई भेट्ने आशा गरेको हुनसक्छन्। कतिपयले येशूलाई देखेको र परमेश्वरबाट दिइने मुक्तिको बारेमा उहाँले सुनाउनुभएको वचनहरू सुनेको हुनुपर्छ तर उहाँलाई ग्रहण गरेर उहाँको पछि लाग्ने निर्णय नगरेको हुनसक्छन्। पेन्टिकोस्टको समयमा परमेश्वरले अचम्मकासाथ चेलाहरूको जीवनमा हस्तक्षेप गर्नुभएको थियो र तिनीहरूलाई येशूको पुनरुत्थानको गवाही हुन प्रयोग गर्नुभएको थियो। अब येशूको नाउँमा क्षमा पाइन्छ र मुक्ति पाइन्छ भनेर यहूदी जनसमूहले स्पष्टरूपमा थाहा पाउन सकेका थिए (प्रेरित २:३८)।

**येशूका सुरुका चेलाहरू र बप्तिस्मा पाएका नयाँ यहूदी विश्वासीहरू मिलेर एक नयाँ समाज गठन गरेका थिए। त्यस समाजमा अचम्म तरिकाले सत्सङ्ग अर्थात् सङ्गति गर्न एकताको सृजना भएको थियो। त्यस एकतालाई कायम राख्न तिनीहरूले के गरे? अर्थात् हामी सबै येशूका विश्वासी हौं र हामी**

एक हुनुपर्छ भनेर सारा संसारलाई देखाउन तिनीहरूले कस्तो सक्रियता देखाएका थिए? हेर्नुहोस्, प्रेरित २:४२-४७ "४२ तिनीहरू प्रेरितहरूका शिक्षा, सङ्गति र रोटी भाँच्न र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे। ४३ हरेकको हृदयमा भय (परमेश्वरप्रति श्रद्धा) उत्पन्न भयो, र प्रेरितहरूद्वारा धेरै अचम्मका काम र चिन्हहरू भए। ४४ विश्वास गर्नेहरू जति सबै एकसाथ बस्थे, र तिनीहरूका सबै थोक साझा थिए। ४५ तिनीहरूले आफ्ना सम्पत्ति र मालसामान बेचिकन जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो सबैलाई ती बाँड़िदिन्थे। ४६ तिनीहरू एकै मनका भई मन्दिरमा एकसाथ उपस्थित हुन्थे, र घर-घरमा रोटी भाँच्थे, र तिनीहरू खुशी र शुद्ध हृदयले मिलीजुली खान्थे, ४७ र परमेश्वरको प्रशंसा गर्दै, र सबै मानिसहरूबाट शुभेच्छा पाउँदै बस्थे। उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूको संख्यामा थपिदिनुहुन्थ्यो।

येशूलाई विश्वास गर्ने समाजका नयाँ विश्वासीहरूको पहिलो काम प्रेरितहरूको शिक्षादीक्षामा लाग्न राजिभएको विषयलाई उल्लेखनीय मान्नुपर्छ। कुनै पनि नयाँ विश्वासीले अध्यात्मिक विकास र विश्वासमा अटल भइरहन बाइबलले सिकाएका शिक्षाहरू सिक्नु र सिकिरहनु अत्यन्त जरुरी छ। येशूले उहाँका चेलाहरू वा उहाँलाई विश्वास गर्ने जोसुकैलाई पनि यो आदेश दिनुभएको थियो "मैले जे जे कुराहरू तिमीहरूलाई सिकाएँ सो सारा संसारमा गएर सिकाऊ" (मत्ति २८:२० रूपान्तरित)। नयाँ विश्वासीहरूले येशूको बारेमा सबै थोकहरू चेलाहरूबाट सुन्न समय दिएका थिए। येशूको जीवन, उहाँको सेवाकार्य, उहाँका शिक्षाहरू, उहाँका कथाहरू, उहाँका प्रवचनहरू र उहाँका अचम्मका कामहरू तिनीहरूले सुन्न पाएको हुनुपर्छ। येशूको सम्पूर्ण क्रियाकलाप हिब्रू धर्मशास्त्रमा अगमवक्ताहरूले लेखेकै अनुसार पूरा हुनआएको हो भनेर ती चेलाहरूले व्याख्या गरेर तिनीहरूलाई सिकाएको हुनुपर्छ। येशूमाथिको विश्वासमा एक भइरहने प्रथम् महत्त्वपूर्ण तत्व बाइबलको शिक्षा सिकिरहने चाहना हो।

ती विश्वासीहरूले प्रार्थना गर्न समय पनि बिताएका थिए। साथै तिनीहरूले एक आपसमा मिलिजुली खाना पनि खाएका थिए। प्रेरित २:३६ अनुसार प्रभु भोजमा तिनीहरूले भाग लिइरहेका थिए कि एक आपसमा खाना बाँडेर खाएका थिए भन्नेचाहिँ स्पष्ट छैन। एक आपसमा सङ्गति गरेर समय बिताए भनेर भन्नुको अर्थ नयाँ समाजले नियमितरूपमा वा बारम्बार एकजुट भएर बसेका थिए भन्ने बुझिन्छ । तिनीहरूले यरुशलेमको मन्दिरमा र एक आपसको व्यक्तिगत घरघरमा मिलिजुलि समय बिताएका थिए। यरुशलेमको

मन्दिर अझै पनि परमेश्वरको आराधना गर्ने यहूदीहरूको आस्थाको केन्द्र भइरहेको थियो। येशूका चर्चका प्रथम विश्वासीहरूको बीचमा घनिष्ठ, सौहाद्रपूर्ण र भाइचाराको सम्बन्ध थियो। तिनीहरूले सँगसँगै खाए र प्रार्थना गरे। विश्वासीहरूको समाजलाई जगाइ राख्न प्रार्थना अत्यन्त महत्त्वपूर्ण र नभैनहुने तत्व हो। यदि कुनै पनि येशूभक्तले आफ्नो आत्मिक जीवन बचाइराख्न चाहन्छ र साथै आत्मिकरूपमा परिपक्व हुन चाहन्छ भने प्रार्थनामा लागिरहनु अत्यन्त जरुरी छ। नयाँ इसाई समाजले एक आपसमा मिलेर परमेश्वरको आराधना गर्न समय बिताएका थिए। चेलाहरूबाट सिक्ने प्रक्रिया, प्रार्थना गर्ने प्रक्रिया, घरेलु सङ्गति गरि मिलिजुलि खाना खाने प्रक्रिया र परमेश्वरको आराधना गर्ने प्रक्रिया तिनीहरूले निरन्तररूपमा गरिरहे भनेर हामीलाई बताइएको छ।

निरन्तररूपमा मिलिजुलि सङ्गति गर्ने बानिले यरुशलेममा अरूसँग पनि नयाँ सम्बन्ध राख्ने प्रक्रियाको सृजना भएको थियो। सबै मानिसहरूले नयाँ विश्वासीहरूलाई मन पराए भनेर प्रेरित २:४७मा बताइएको छ। नयाँ विश्वासीहरूको जीवनमा पवित्र आत्माले काम गर्न दिइएकोमा समाजमा तिनीहरूको प्रभाव ठूलो परेको थियो भन्नुमा शङ्का छैन। पवित्र आत्माले प्रेरित जीवन ती विश्वासीहरूले बिताउँदा येशू मसीह हुनुहुन्छ भन्ने सत्य गवाही सबै मानिसहरूले तिनीहरूबाट देख्न पाएका थिए।

**एक आपसमा एक हुने एकता, सङ्गति, मिलिजुलि प्रार्थना गर्ने र येशूको लागि गवाही हुने सुरुका चर्चका विश्वासीहरूको उदाहरणबाट तपाईंको स्थानीय चर्चले के सिक्न सक्दछ?**

## ४. उदारता र लोभ

**पेन्टिकोस्टको अनुभव पछि** येशूका चेलाहरू र अरू विश्वासीहरूको मिलिजुलि एक भएर सङ्गतिमा जुटेका थिए। केवल प्रार्थना गर्ने वा सङ्गति गर्नेमात्र नभएर तिनीहरूमा एक आपसको खाँचोप्रति संवेदनशील भएर पारस्परिक सहयोगको भावना पनि स्वःत जागेको थियो। "४४ अब विश्वास गर्नेहरू जति सबै एकसाथ बस्थे, र तिनीहरूका सबै थोक साझा थिए। ४५ तिनीहरूले आफ्ना सम्पत्ति र मालसामान बेचिकन जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो सबैलाई ती बाँड़िदिन्थे।" (प्रेरित २:४४-४५)। येशूलाई विश्वास गऱ्यो भन्दैमा आफ्ना सरसामानहरू बेचेर एक आपसमा बाँड्नुपर्छ भन्ने कर त थिएन। तर त्यसबेला येशूभक्तहरूले जे गरे त्यो एक आपसमा सङ्गति गर्दा

तिनीहरूमा एक आपसप्रतिको प्रेम जागेको थियो र सबैको सहयोगको निम्ति सामानहरू बेचेर बाँडेका थिए। तिनीहरूको एकता कतिको बलियो रहेछ भनेर त्यसले प्रतक्ष्यरूपमा देखाएको थियो। यो एक आपसमा आवश्यक कुराहरू बाँड्ने चलन केही समयसम्म रह्यो। प्रेरित ४ र ५ अध्यायमा त्यसको बारेमा अझ विस्तृत विवरण दिइएको पाइन्छ। यो चलन नयाँ करारको अरू ठाउँहरूमा पनि भएको पाउँछौं। त्यसको बारेमा हामी हेर्नेछौं।

यही सन्दर्भमा बारनाबासलाई पहिलो पल्ट परिचित गराएको पाइन्छ। उनी धनी भएको देखिन्छ र उनको जमीन थियो अर्थात् उनी जमिन्दार थिए। विश्वासीहरूको हितको निम्ति उनले आफ्नो सम्पत्ति बेचेका थिए र पैसाचाहीं प्रेरितहरूकहाँ ल्याएका थिए (प्रेरित ४:३६,३७)। बारनाबासको उदाहरणबाट सबैले पाठ सिक्नुपर्ने भनेर बाइबलमा चित्रण गरिएको छ।

**प्रेरित ४:३२-३७ र ५:१-११मा दुई समूहका मानिसहरूको बारेमा चित्रण गरिएको छ। बारनाबासको चरित्र र मनस्थितिसँग हननिया र सफिराको तुलना गर्नुहोस्। यी दम्पत्तिको नियतमा कस्तो खोट देखियो? हेर्नुहोस्: "३१ तिनीहरूले प्रार्थना गरिसकेपछि तिनीहरू भेला भएको ठाउँमा कम्प भयो, र तिनीहरू सबै जना पवित्र आत्माले भरिए, र तिनीहरूले साहससित परमेश्वरको वचन बोले। ३२ विश्वास गर्नेहरूको समूह सबै एकै हृदय र एकै आत्माका भएका थिए, र तिनीहरूमध्ये एउटाले पनि आफ्नो धन-सम्पत्तिको केही थोक यो मेरो आफ्नो हो भनी भन्दैन थियो, तर तिनीहरूका सबै थोक साझा थिए। ३३ ती प्रेरितहरूले बड़ो शक्तिसाथ प्रभु येशूका पुनरुत्थानको गवाही दिन्थे, र तिनीहरू सबैमाथि ठूलो अनुग्रह रहेको थियो। ३४ तिनीहरूमध्ये कसैलाई केही कुराको खाँचो पर्दैनथ्यो, किनकि जति जना जग्गाजमिन कि घरका मालिक थिए, तिनीहरूले ती बेचेर त्यसको मोल ल्याउँथे, ३५ र प्रेरितहरूका चरणमा राखिदिन्थे, र जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो, सो हरेकलाई बाँड़िदिन्थे। ३६ अब साइप्रस देशको लेवी कुलका योसेफ, जसलाई प्रेरितहरूले बारनाबास भनी नाउँ राखेका थिए (जसको अर्थ उत्साहको पुत्र हो), ३७ उनले आफ्नो जमिन बेचे र त्यो रकम ल्याएर प्रेरितहरूका चरणमा राखिदिए।" (प्रेरित ४:३१-३७) र "१ तर हननिया नाउँका कोही एक जना र तिनकी पत्नी सफीराले एक टुक्रा जमिन बेचे, २ र त्यसको मोलबाट तिनकी पत्नीकै जानकारीमा केही हिस्सा आफूसँग राखे, र केही हिस्सा ल्याएर प्रेरितहरूका चरणमा राखिदिए। ३ तर पत्रुसले भने, "ए हननिया, पवित्र आत्मासँग झूट बोल्ने र जमिनको बिक्रीको मोलबाट केही हिस्सा आफूसँग राख्ने कुरा शैतानले कसरी**

**तिम्रो मनमा भरिदियो? ४ त्यो बिक्री नभइञ्जेल के त्यो तिम्रो आफ्नै थिएन? र त्यो बिक्री भएपछि पनि त्यो तिम्रै अधिकारमा थिएन र? यस्तो काम गर्ने विचार तिम्रो हृदयमा कसरी आयो? तिमीले मानिसहरूलाई त होइन, तर परमेश्‍वरलाई नै ढाँटेका छौ।" ५ यो कुरा सुनेर हननिया भूइँमा लड़े र तिनले प्राण त्यागे। यो सुन्नेहरू सबैमाथि ठूलो डर छायो। ६ तब जवानहरूले उठेर तिनलाई लुगाले बेह्रे र बाहिर बोकी लगे, र गाडिदिए। ७ जे भइसकेको थियो सो थाहा नपाई प्रायः तीन घण्टापछि तिनकी पत्नी पनि भित्र आई। ८ पत्रुसले त्यसलाई सोधे, "मलाई भन, तिमीहरूले जमिन त्यत्तिमै बेचेका हौ?" अनि त्यसले भनी, "ज्यू, त्यत्तिमै।" ९ तर पत्रुसले त्यसलाई भने, "तिमीहरूले प्रभुका आत्माको परीक्षा गर्न कसरी मिलेर मतो गर्‍यौ? हेर, तिम्रा पतिलाई गाड्नेहरू ढोकामै छन् र तिनीहरूले तिमीलाई बोकेर बाहिर लैजानेछन्।" १० अनि तुरुन्तै त्यो उनका पाउनेर लड़ी र प्राण त्याग गरी। जब जवानहरू भित्र आए, त्यसलाई मरिसकेकी देखेर बाहिर बोकेर लगे, र त्यसको पतिको नजिकमा गाडि दिए। ११ सारा मण्डलीमाथि र यी कुरा सुन्ने सबैमाथि ठूलो डर छायो।" (प्रेरित ५:१-११)।**

पवित्र आत्मासँग ढाँट्नु तिनीहरूको ठूलो पाप थियो। त्यतिमात्र नभएर हननिया र सफिराले लोभ र लालच पनि देखाए। जब कोही येशूलाई विश्‍वास गर्छु भनेर दावी गर्छ तर त्यो दावी गर्नेले लोभ र स्वार्थीपना देखाउन थाल्यो भने एक आपसको भाइचारा प्रेम र सङ्गति पनि टुट्दछ। लोभ, लालच, स्वार्थीपना र फटाही गर्ने बानी येशूभक्तमा हुनु भनेको पाप हो। सुरुको चर्चमा कस्तो खालको सकारात्मक आत्मीय सङ्गति विश्‍वासीहरूको बीचमा थियो भन्ने ज्वलन्त उदाहरण बारनाबासमा देखिन्छ भने हननिया र सफिराको उदाहरण त्यसको ठिक बिपरीत। इसाई समाजमा पनि विश्‍वासीहरूको हितको निम्ति आफूलाई सुम्पने गुण भएका मानिसहरूमात्र होइन स्वार्थी, आफ्नो भाऊ खोज्ने वा ढाँट्ने मानिसहरू पनि छन् भनेर लूकाले नलुकाइकन स्पष्टरूपमा लेख्दछन्। (यसको अर्थ चर्चमा दुई थरीका मानिसहरू थिए र छन् भनेर सुरुको चर्चको इतिहासले हामीलाई बताउँछ)।

दश आज्ञाको अन्तिम आज्ञामा लोभ र लालचको बारेमा उल्लेख गरिएको छ (प्रस्थान २०:१-१७)। यो आज्ञा अरू नौ आज्ञाहरूभन्दा फरक छ। मानिसहरूप्रति परमेश्‍वरको इच्छा वा चाहना मानिसहरूले अरू आज्ञाहरू नमान्दा तिनीहरूले गर्ने उलङ्घन प्रत्यक्ष रूपमा देखिन्छ भने अन्तिम आज्ञाचाहिँ अरूले नदेख्ने गरेर अप्रत्यक्षरूपमा उलङ्घन गरिएको हुन्छ। हृदयमा लोभ पोषाइ राख्नु भनेको मानिसले देख्ने गरेर गरिने पाप होइन, तर बिचार वा

विवेकमा चल्ने प्रक्रिया हो। लोभ र त्यसको मित्र स्वार्थीपना देखिने पाप होइन। तर त्यसले मानिसको पापी अवस्थालाई देखाउँछ। जब स्वार्थ भावले प्रेरित भएर कसैले काम गर्छ भने त्यसले मानिसको भित्री भावलाई देखाउँदछ, जसरी हननिया र सफिराले देखाएका थिए। यथार्थमा भन्ने हो भने अन्तिम आज्ञा अधर्म वा दुष्टताको जरा हो जुन आज्ञालाई सबै आज्ञाहरूले दोष दिँदछ। अर्थात् सबै आज्ञाहरू नमान्ने वा मान्न नचाहने कारण अन्तिम आज्ञाको कारणले हो। हननिया र सफिराको लोभले शैतानको प्रभाव हुन दिन ढोका खुलाएको थियो। त्यसले गर्दा तिनीहरू परमेश्वरलाई ढाँट्न अग्रसर भए। यहूदाले पनि येशूलाई गरेको व्यवहारबाट उसको लोभको फल थियो भन्न सकिन्छ।

**हामीहरूको जीवनमा खेलिरहने लोभलालचलाई कसरी जरैदेखि उखाल्ने? परमेश्वरलाई प्रशंसा र धन्यवाद दिने बानी नै यस दुष्टलाई उखाल्ने औषधी कसरी हुनसक्छ?**

## ५. गरिबहरूलाई याद गर्नु

सुरुका चर्चमा एकताको गुण प्रत्यक्षरूपमा कसरी देखाइयो भन्दा विश्वासीहरूले आफूसँग भएका स्रोतहरू एक आपसको भलाईको निम्ति बाँडेका थिए। प्रेरितको पुस्तकको सुरुमा विश्वासीहरूले देखाएका उदार चरित्रलाई निरन्तरता दिन पावलले पनि उनले स्थापना गरेका चर्चका विश्वासीहरूलाई पनि अनुरोध गरेका थिए। उनले माकोडोनिया र अखियामा चर्चहरू स्थापना गरेका थिए। जब यरुशलेममा अनिकाल भयो तब त्यहाँका गरिबहरूलाई सहयोग गर्न ती चर्चका विश्वासीहरूले चन्दा शङ्कलन गर्न पावलले आह्वान गरेका थिए (प्रेरित ११:२७-३०, गलाती २:१०, रोमी १५:२६ र १ कोरन्थी १६:१-४)। ती चर्चका विश्वासीहरू यहूदीहरू थिएनन् बरू अन्य जाति वा अयहूदीहरू थिए। तैपनि यरुशलेममा भएका यहूदी जातका विश्वासी भाइबहिनीहरूप्रति तिनीहरूको माया छ र भलो चाहन्छन् भनेर तिनीहरूसँग ऐक्यबद्धता जनाउन ती चर्चहरूले उदारतासाथ तिनीहरूलाई चाहिने उपहारहरू पठाएका थिए। यरुशलेमका यहूदी इसाई विश्वासीहरू र माकोडोनिया र अखियामा भएका विश्वासीहरूको बीचमा सांस्कृतिक, भौगोलिक, जातीय, आर्थिक आदि भिन्नता थियो। तर एउटै सुसमाचार ती दुवै समूहका मानिसहरूले पाएको हुनाले तिनीहरू येशू ख्रीष्टमा एक भएको प्रत्यक्षरूपमा तिनीहरूले देखाएका थिए। अरू विश्वासीहरूको आवश्यकताप्रति संवेदनशील भएर तिनीहरूको खाँचो टारिदिनु भनेको ती विश्वासीहरूको बीचमा कस्तो

एकता थियो भनेरमात्र देखाएको थिएन तर एकतामा रहिरन र त्यसलाई बल पुऱ्याउन आफूसँग भएका स्रोतहरू बाँड्न आवश्यक भएको देखाएको थियो।

**कोरन्थी चर्चका विश्वासीहरू प्रायजसो अयहूदीहरू थिए। यदि तिनीहरूले अरू विश्वासीहरूलाई उदारता देखाए भने त्यसको परिणाम के हुनेछ भनेर पावलले २ कोरन्थी ९मा कसरी व्यक्त गरेका थिए? विशेष गरेर ८-१५ हेर्नुहोस्ः "१ सन्तहरूका निम्ति दिइएको भेटीको विषयमा तिमीहरूलाई लेखिरहन मलाई आवश्यक छैन। २ किनभने म तिमीहरूको तत्परता जान्दछु। यसको विषयमा माकेडोनियाका मानिसहरूका सामुन्ने तिमीहरूको गर्व गर्दै मैले भनेथें, कि पोहोर सालदेखि अखैया तयारी भइरहेको छ। तिमीहरूको जोशले तिनीहरूमध्ये धेरैजसोलाई उत्तेजित पारेको छ। ३ तर यस विषयमा तिमीहरूका लागि हामीले गर्व गरेको व्यर्थ नहोस्, र मैले भनेअनुसार तिमीहरू तयार रहो भनेर म भाइहरूलाई पठाइरहेछु। ४ यदि कोही माकेडोनियाकाहरू मसँग आए र तिमीहरूलाई तयार भेट्टाएनन् भने हामी शर्ममा पर्नेछौं, र तिमीहरूलाई पनि कम्ती शर्म हुँदैन, किनभने हामीले तिमीहरूमाथि ठूलो भरोसा राखेका थियौं। ५ यसकारण तिमीहरूले प्रतिज्ञा गरेका भेटीको प्रबन्ध अघिबाटै मिलाउनका निम्ति मभन्दा अघि भाइहरूलाई तिमीहरूकहाँ पठाउन मैले आवश्यक ठानें। यसैले यो भेटी करकापले होइन, तर राजीखुशीले दिइएको भेटीको रूपमा तयार होस्। ६ तर कुरा यही हो, कि थोरै छर्नेले थोरै नै कटनी गर्छ, र प्रशस्तसँग छर्नेले प्रशस्तसँग कटनी गर्छ। ७ अनि हरेक मानिसले आफ्नो मनमा सङ्कल्प गरेबमोजिम देओस्, इच्छा नभई होइन, न त करकापमा परेर। किनभने खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ। ८ परमेश्वरले तिमीहरूलाई हरेक आशिष् प्रशस्त मात्रामा दिन सक्नुहुन्छ, ताकि तिमीहरूसित सधैं नै हरेक कुरा प्रशस्त होस्, र हरेक असल कामको निम्ति तिमीहरूले प्रशस्त मात्रामा दिन सक। ९ यसरी लेखिएको छ, "उसले छर्छ, र गरीबहरूलाई दिन्छ, उसको धार्मिकता सदासर्वदै रहिरहन्छ।" १० छर्नेलाई बीउ र खानलाई भोजन दिनुहुनेले तिमीहरूलाई बीउ दिनुहुनेछ, र त्यसमा वृद्धि गराउनुहुनेछ, अनि तिमीहरूका धार्मिकताको फसल बढ़ाउनुहुनेछ। ११ तिमीहरूको ठूलो उदारताको निम्ति हरेक कुरामा तिमीहरू धनी तुल्याइनेछौ, जुन उदारताले हामीद्वारा परमेश्वरमा चढ़ाउने धन्यवाद उत्पन्न गराउनेछ। १२ यस सेवाको कामले सन्तहरूको अभाव पूरा हुन्छ। त्यति मात्र होइन, परमेश्वरप्रति धेरै धन्यवादका भावना उर्लेर आउँछन्। १३ सेवाको यस जाँचअन्तर्गत तिमीहरूले ख्रीष्टको सुसमाचार स्वीकार गर्ने आफ्नो भावना आज्ञाकारिताद्वारा तथा तिनीहरू र अरू सबैका**

**निम्ति तिमीहरूले उदार-चित्तले दिएको भेटीद्वारा परमेश्वरको महिमा हुनेछ। १४ परमेश्वरको असीम अनुग्रह तिमीहरूमा रहेको हुनाले तिनीहरूले तिमीहरूको तृष्णा गर्छन्, र तिमीहरूका निम्ति प्रार्थना गर्छन्। १५ उहाँको वर्णन गर्न नसक्ने वरदानको निम्ति परमेश्वरलाई धन्यवाद होस्।"**

जुन एकताको अनुभव सुरुका चर्चका विश्वासीहरूको बीचमा भएको थियो त्यही अनुभव अहिले पनि हामीले गर्न सक्छौं। विश्वासीहरूको हित चिताउने शङ्कल्प बिना एकता आफै हुँदैन। सुरुका चर्चका अगुवाहरूले तिनीहरूको सेवाकार्यले ख्रीष्टमा हुनुपर्ने एकताप्रति जोड गरेका थिए। जसरी घर सम्हालिराख्न भनेर घरको श्रीमान् र श्रीमती तथा छोराछोरीहरूको बीचमा सधैं एक भइरहने शङ्कल्प हुन्छ र त्यसको निम्ति सधैं क्रियाशील हुन्छन्, त्यसरी नै चर्चको परिवारमा पनि त्यही खालको भावना हुनुपर्छ। येशू ख्रीष्टमा हामी एक छौं भनेर देखाउन र एक आपसमा हौशला दिन विश्वासीहरूले प्रत्यक्षरूपमा विभिन्न तरिकाहरूबाट देखाउन सक्दछन्।

सुरुका चर्चका विश्वासीहरूबिच एकता देखाउन विभिन्न तत्वहरूले भूमिका खेलेका थिए। तिनीहरूमा, एक आपसमा मिलेर गर्ने प्रार्थना, आराधना, सङ्गति, साझा लक्ष्य र परमेश्वरको वचनको अध्ययन थिए। सारा संसारमा सुसमाचार फैलाउने तिनीहरूको कर्तव्य हो भनेरमात्र तिनीहरूले बुझेका थिएनन् तर विश्वासमा आउनेहरूलाई एक आपस मिलेर माया, हेरचाह र सरोकार देखाउनुपर्ने तिनीहरूको कर्तव्य हो भनेर बुझेका थिए। आफ्नो स्थानीय चर्चमा गरिने सङ्गतिमामात्र नभएर चर्चका विभिन्न समूदाय र भौगोलिक दृष्टिकोणले टाढा टाढा रहेका विश्वासीहरूलाई उदारता देखाउनुपर्छ र पारस्परिक सहयोग गर्नुपर्छ भनेर तिनीहरूले बुझेका थिए।

"विश्वासीहरूले देखाएका उदारताले यो देखाएको थियो कि तिनीहरूले पाएको परमेश्वरको अनुग्रह व्यर्थ भएन। पवित्र आत्माले मानिसहरूको हृदयलाई शुद्ध पार्ने प्रक्रिया बाहेक मानिसहरूको बीचमा निस्वार्थी भएर उदारता देखाउने मन अरूबाट कहाँ हुनसक्छ र? जुन उदारता विश्वासीहरूले एक आपसमा देखाए त्यसले विश्वासीहरूको र विश्वास नगर्नेहरूको नजरमा परमेश्वरको अनुग्रहको चमत्कार देखाइएको थियो।"-एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टल्स,* पृ. ३४४बाट रूपान्तरित।

**अरूलाई उदारता देखाउँदा तपाईं र तपाईंको चर्चले गरेको अनुभव गरेको फाइदा विभिन्न तरिकाले कसरी गर्नुभएको छ? अर्थात् अरूलाई दिंदा कस्तो खालका आशिषहरूको अनुभव तपाईं र तपाईंको चर्चले गरेको छ?**

**उपसंहारः**

**थप जनाकारीः एलेन जी ह्वाइटद्वारा लिखित *द आक्टस् अभ आपोस्टल्सको* पृ. ३५-४६को लेख "पेन्टिकोस्ट।"**

"जब पवित्र आत्मा येशूका चेलाहरूमा खनिए (प्रेरित २:४४, ४५ र प्रेरित ४:३२-३५) तिनीहरूमा उदार हुने स्वभाव पनि एक हुन गएको थियो। येशूको सुसमाचारलाई हृदयदेखि विश्वास गर्नेहरू एकै मन र एकै आत्मा भएका थिए। ती सबै एकै साझा चासोले बशमा पारेका थिए- तिनीहरूलाई जिम्मा दिइएको सुसमाचार सुनाउने लक्ष्य। त्यसले गर्दा तिनीहरूको जीवनमा लोभ लालच वा आफ्नो भाऊ खोज्ने प्रवृत्तिले ठाँउ पाएन। आफ्ना विश्वासी परिवारहरूप्रतिको प्रेम र आफूहरूलाई सुम्पिएको कामप्रति तिनीहरूको प्रेम यति ठूलो थियो कि तिनीहरूले जीवनमा आफ्नो पैसा र सम्पत्तिको मायालाई पन्छाएका थिए। पृथ्वीमा हुने धनसम्पत्तिभन्दा मानिसहरूको मूल्य अति उच्च भएको तिनीहरूको क्रियाकलापले प्रमाणित गरेको थियो।

"जब विश्वासीको जीवन परमेश्वरको आत्माले बशमा राख्दछ तब अहिले र सधैं विश्वासीहरूको बीचमा त्यही खालको प्यार, जोश र सहयोगी भावना भइरहनेछ। जो विश्वासीहरूको हृदयमा येशूको प्रेमद्वारा भरिन्छ तिनीहरू उहाँको अनुकरणीय उदाहरणमा हिंड्नेछन्, जो हाम्रो लागि उहाँ गरिब हुनुभयो र उहाँको गरिबताले हामी धनी भयौं। जब येशूलाई माया गर्ने विश्वासीहरूले धन कमाउँछन्, समय पाउँछन् र प्रतिष्ठा पाउँछन् वा प्रभाव दिने अवसर पाउँछन् ती सबै परमेश्वरका बरदानहरू हुन् भनेर स्वीकार्दछन्। ती सबै बरदानहरू आफ्नो भाऊको निम्ति होइन तर सुसमाचार प्रचारको प्रगतिको निम्ति प्रयोग गर्न दिइएका हुन् भनेर महसुस गर्दछन्। यस खालको मनस्थिति सुरुका चर्चका विश्वासीहरूको थियो। त्यही खालको मनस्थिति आजको चर्चमा हुनेछ जब यसका सदस्यहरू पवित्र आत्माको प्रभावमा यस संसारप्रतिको माया र मोह त्याग्दछन् (अर्थात् संसारले सिकाउने आँखाको लालच, जीवनको शेखी र शरीरको दानवी चाहना)। तिनीहरूका जनहरूले सुसमाचार सुनोस् भनेर तिनीहरूले त्याग गर्दछन्। जब विश्वासीहरूको बीचमा त्यागको भावना जाग्छ तब सिकाइएका सत्यहरू श्रोताहरूको बीचमा अत्यन्त प्रभावित हुनेछ।"-एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टल्स्, पृ. ७०,७१बाट रूपान्तरित।

**चिन्तनमननः**

अ) सुरुका चर्चका विश्वासीहरूको बीचमा एकताको शुत्रमा रहिरहन के के तत्वहरू अध्यायमा समावेश भए फेरि पढ्नुहोस्। ती तत्वहरूले गर्दा सुरुका चर्चहरूमा एकै मन हुने भावना सृजिएको थियो। आज हामी चर्चको हैशियतले त्यही तत्वहरूलाई कसरी जगाइ राख्न सक्छौं? अर्थात् जुन कुराहरू सुरुका चर्चका विश्वासीहरूको बीचमा थिए, के आज त्यसको अभाव भइरहेको छ त?

आ) यरुशलेमका चर्चका गरिबहरूलाई विदेशी चर्चहरूद्वारा उदारतासाथ दिइएको सहयोग नयाँ करारको उदाहरणलाई के आज पनि उतार्न सकिन्छ? गरिबतामात्र होइन, हाम्रो समाजमा अरू सामाजिक विषयबस्तुहरू पनि छन् जसलाई ध्यान दिन जरुरी छ। गरिबलाई उकास्न र अरू आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्न हामीहरूको स्थानीय चर्चहरू कसरी संलग्न हुन सक्छन्? ।

इ. हननिया र सफिराको दुःखदायी कथाबाट हामीले के पाठ सिक्न सक्छौं? जब दुई जनाको मृत्यु भयो तब त्यहाँ विश्वासीहरूको बीचमा ठूलो त्रास छाइएको थियो भनेर प्रेरित ५:५ र ५:११मा बताइएको छ। त्यसको महत्त्वपूर्ण अर्थ के हो?

**सारांशः** पवित्र आत्मा भव्यरूपमा खनिने प्रतिज्ञाले गर्दा येशूका चेलाहरू भित्री हृदयदेखि तयार भएका थिए। त्यसले गर्दा सुरुका चर्चहरूमा द्रुतगतिमा प्रगति भएको थियो। तिनीहरूबिच एक आपसमा मन मिलेर गरेको सङ्गति र साझा विश्वासले गर्दा पेन्टिकोस्टको घट्नाको निम्ति पवित्र आत्माले तिनीहरूको हृदय तयार पार्न सजिलो भएको थियो। पेन्टिकोस्टको अनुभव पछि नयाँ समाजका सदस्यहरूको जीवनमा आमूल परिवर्तित जीवन बिताउन पवित्र आत्माले निरन्तररूपमा काम गर्दै रहे। त्यसको फलस्वरुप विश्वासीहरूको बीचमा उदारता देखिएको थियो र चर्चको  प्रगति पनि रफ्तारमा बढेको थियो।

# कथा ५
# परमेश्वरको निम्ति उड्ने
# ड्वेन हारिस, ३९ फिलिप्पिनस्

अमेरिकाको सैनिक हवाइजहाज चलाउने पाइलटको काम छोडेर फिलिप्पिनस्मा मिसन पाइलट हुने भन्ने कुरा ड्वेन हारिसले कहिल्यै पनि कल्पना नै गरेको थिएन।

एक दिन आफ्नो घरमा आगलागी भएर उसको सर्वस्व नाश भयो। ड्वेन अमेरिकाको मोन्टाना राज्यमा सेभेन्थ-डे एडभेन्टिस्ट परिवारमा हुर्केको थियो। सानैदेखि उसलाई हवाईजहाजहरूप्रति मोह थियो। आफू ठूलो भएपछि मिसन पाइलट हुने सपना उसले देखेको थियो। आफ्नो हाइस्कूलको अध्ययन पछि नजिकैको राज्य वाशिङ्गटनमा रहेको चर्चले चलाएको वाला वाला कलेजमा पढ्न भर्ना भए। त्यहाँ त्यस कलेजले हवाइजहाज चलाउन सिकाउने क्लासमा पढ्न उसले आफ्नो नाउँ पनि लेखायो।

एक वर्षपछि ड्वेन आफ्नै राज्य मोन्टानामा हवाइजहाज मर्मत गर्ने लाइसेन्स पाए र पछि पाइलट नै हुने लाइसेन्स पायो। उसले बिग्रेको हवाइ जहाज किन्यो र त्यसलाई मर्मत गरेर चलायो। पछि सैनिक राष्ट्रिय सुरक्षा निकायमा काम गर्न भर्ना भयो। त्यसले उसलाई हेलिकप्टर चलाउन सिकाउने स्कुलमा पठायो। इसाई अनुभवमा ऊ न त तातो थियो न त चिसो नै थियो।

एक दिन उसको नातेदारले अमेरिकामा घुम्न आएका मिसन पाइलटसँग उसलाई चिनजान गराए। ड्वेन आफ्नो हवाइ जहाज उडाएर अर्को राज्य केन्टुकीमा मिसन पाइलटसँग भेट्न गयो। त्यससँग फिलिप्पिनसमा हेलिकप्टर चलाएर परमेश्वरको निम्ति काम गर्न छलफलको लागि गएको थियो।

तर मिसन पाइलटलाई भेट्नुभन्दा एक रात अगाडि उसको दीदिले उसलाई फोन गरेर भनिन् कि आफ्ना आमाबाबु रहेको घर जलेर खरानी भयो। कसैलाई केही भएन तर त्यहाँ उसको सबै कुरा स्वाहा भयो। उसको दामी खेलौनाहरू, डुबुल्की मार्ने औजार र हिंउमा खेल्ने बोर्डहरू आगोले ध्वस्त पाऱ्यो।

तैपनि ड्वेन आत्तिएर घरमा नफर्किं त्यस मिसन पाइलटसँग अर्को दिन छलफल गर्न गयो। उसले सोच्यो, "मेरो सबै सांसारिक कुराहरू जसले परमेश्वरबाट टाढा राखेको थियो परमेश्वरले हटाउनुभयो।" मिसन पाइलटतिर फर्केर उसले आफ्नो वचन दियो, "यदि म आफ्नो सैनिक कामबाट छुट्न पाए फिलिप्पिनसमा केही न केही काम गर्नेछु।"

## नयाँ प्राथमिकताहरू

आफू कामबाट कसरी छुट्ने भन्ने कुरा उसलाई थाहा थिएन। उसले सैनिक काममा छ वर्ष काम गर्न सम्झौता गरेको थियो। अब चार वर्ष बाँकि थियो। आफ्नो कामबाट छुट्न उनले प्रार्थना गर्न थाल्यो।

"जब मेरो घर जल्यो तब मेरो जीवनको प्राथमिकता के हो भनेर सोच्न थालें। यस संसारमा हामीले जम्मा गरेका भौतिक कुराहरू स्वर्गको अगाडि केही पनि होइन भनेर मैले महसुस गर्न थालें। मेरो र अरूको मुक्तिमात्र मुख्य कुरा रहेछ भनेर मैले सोचें" ड्वेनले भन्यो।

उसको जीवनमा पहिलो पल्ट उसले बाइबल पढ्न थाल्यो।

"जब मैले बाइबल पढ्न थालें तब परमेश्वरले मलाई बदल्न थाल्नुभएको थियो" उनले भन्यो। ड्वेनले आफ्नो काममा साबथमा पनि काम गर्नुपर्थ्यो। धेरै महिनासम्म उसले प्रार्थना गऱ्यो तब उनलाई साबथको बिरुद्धमा कसैसँग सम्झौता गर्न नसकिने निश्कर्ष निकाल्यो। प्रत्येक महिनाको शुक्रबार, शनिबार र आइतबार सैनिक अभ्यासमा सबै सैनिकहरूले भाग लिनुपर्दथ्यो। आफूले चार वर्षसम्म साबथको आज्ञालाई उल्लङ्घन गरेको महसुस गऱ्यो।

आफ्नो टोलीको हाकिमसँग शुक्रबार र आइतावार हवाइजहाज उडाउने र शनिबारको सट्टा अरू कुनै दिन उडाउने अनुमति उसले माग्यो। टोलीको हाकिमले उसको अनुरोधलाई स्विकृति दिएन। जेभएतापनि जब अर्को अभ्यासमा आफू शनिबार नआउने निर्णय हाकिमलाई सुनायो।

सेनाको कमान्डरले कठोर भएर जवाफ दिए "म तिमीलाई कुनै बहानामा अभ्यासबाट छुट्टि दिन सक्दिन।"

अत्यन्त शिष्ट भएर ड्वेनले जवाफ दिए, "तपाईंले के गर्नुपर्छ सो गर्नु होस् र म के गर्नुपर्छ सो म गर्नेछु।"

सैनिक हाकिमले उसलाई के गर्ने सो उनलाई थाहा भएन। अहिलेसम्म ड्वेन कहिल्यैपनि आफ्नो अभ्यासमा गएल भएको थिएन र कुनै कसुर गरेको थियो। उसको रेकर्ड धेरै राम्रो थियो। तर सैनिक हाकिमको कुरा नमान्दा ड्वेनले सजायँ भोग्नु पर्दथ्यो।

धेरै महिनासम्म ड्वेन शुक्रबार र आइतबारमात्र सैनिक अभ्यासमा आयो। उसले निरन्तररूपमा प्रार्थना गरिरह्यो "हे प्रभु तपाईंले मलाई कहाँ राख्न चाहनुहुन्छ त्यहाँ राख्नुहोस्। यदि यहीं काम गरेर मेरो समय बिताउने भए ठिकै छ। यदि फिलिप्पिन्समा जान तपाईं खटाउनुहुन्छ भने पनि ठिकै छ।"

## परमेश्वरले प्रार्थनाको जवाफ दिनुभयो।

केही शिप नलागेपछि सैनिक कमान्डरले एक दिन ड्वेनलाई आफ्नो अफिसमा बोलायो।

"मैल मेरो हाकिमसँग तिम्रो बारेमा कुरा गरें। तिम्रो बिरुद्धमा हामीहरूको स्रोत र समय व्यर्थ खर्च नगर्न निर्णय हामीले गऱ्यौं। तिम्रो रेकर्ड राम्रो छ। त्यसकारण तिमीलाई ससम्मान सैनिक कामबाट हटाउने निर्णय हामीले गऱ्यौं" अत्यन्त शिष्ट भएर त्यस टोलीको हाकिमले उनलाई भने।

ड्वेनले अत्यन्त अचम्म मान्यो। परमेश्वरलाई धन्यवाद दिएर आफ्नो सैनिक कार्यालयबाट बाहिर निस्क्यो र तुरन्तै फिलिपिन्समा जाने तरखर गऱ्यो। अनि सबै कुरा ठिक ठिक हुन आए। केही महिनाभित्रै कसैले उसलाई हेलिकप्टर किन्न पैसा दियो। आफूले बचाएको पैसा उनले खर्च गऱ्यो। अपेक्षा नै नगरेका ठाउँहरूबाट सहायताहरू आउन थाले। जहाजलाई बिना कर फिलिप्पिन्समा पठाउन पनि सहायता आयो।

"परमेश्वरले सबै थोक ठिक ठिक पार्नुभयो। मेरो कामको निम्ति मैले चन्दा पनि उठाउने प्रयास गरिनँ" खुशी भएर ड्वेनले भन्दछ।

आज ३९ वर्षको ड्वेन आफ्नो श्रीमती वेन्डीसँग फिलिप्पिन्समा काम गर्दछन्। वेन्डीलाई फिलिप्पिन्समा नै भेटेका थिए। तिनीहरू फिलिप्पिन्स एडभेन्टिस्ट मेडिकल एभियशन सर्भिसेसका निर्देशकहरू हुनुहुन्छ। तिनीहरूले चर्चलाई हवाईजहाजको माध्यमबाट र स्वास्थ सम्बन्धी काममा सहयोग गरेर सुसमाचार सुनाउन टेवा पुऱ्याउँदछन्।

"दश वर्ष भयो म यहाँ आएको परमेश्वरले हामीलाई चाहिएको आवश्यकता महिनामहिनामा पुऱ्याइरहनुभएको छ। हामीले हामीहरूको कामलाई अझ बिस्तार गर्न सक्ने भएका छौं" परमेश्वरप्रति आभारी भएर ड्वेनले भन्यो।

सैनिक जिम्मेवारीबाट सरसम्मान अवकास पाएर अहिले परमेश्वरको निम्ति हवाइजहाज चलाउने काम लिइरहेको छ। ड्वेनको निम्ति रोमी ८:२८ कुनै आदर्शको प्रतिज्ञा नभएर वास्तविक भएको अनुभव भएको छ। त्यसमा लेखिएको छ "हामीलाई थाहा छ कि जसले परमेश्वरलाई प्रेम गर्छ उसको निम्ति सबै थोक राम्रैको लागि हुन्छ। परमेश्वरको उद्देश्यमा सहभागीहुनेहरूलाई सबै थोक असलै हुन्छ" (रूपान्तरित)।

"परमेश्वरले आफ्नो काममा मलाई लगाउन सबैबाट सहायता जुटाउनुभएको छ। उहाँको प्रतिज्ञालाई हामीहरूले पकडि राख्न जरुरी छ" ढुक्क भएर ड्वेन हारिस बताउँछ।

लेखकः ***आन्ड्र्यु मेकचेस्नी***